## वस्तुगत प्रश्नोत्तर

१. **सरकारले नेपाल प्रहरी महानिरीक्षक (आईजीपी)मा कसलाई नियुक्त गऱ्यो ?**
✍ शैलेश थापा क्षेत्री।



- २०७७ असार २३ को मन्त्रिपरिषद् बैठकले प्रहरी अतिरिक्त महानिरीक्षक थापा क्षेत्रीलाई महानिरीक्षकमा नियुक्त गरेको।
- भक्तपुर सूर्यविनायक नगरपालिका–६, कटुन्जेका थापा क्षेत्री प्रहरी सङ्गठनको २८औँ महानिरीक्षक बन्नुभएको।
- उहाँ २०४९ वैशाख १८ गते प्रहरी निरीक्षकबाट सेवा प्रवेश गर्नुभएको।
- प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवाली ३० वर्षे सेवा अवाधिका कारण असार २४ बाट अनिवार्य अवकाश पाउनुभएको।

२. **कृषि बालीलाई सर्वाधिक क्षति पुऱ्याउन सक्ने फट्याङ्ग्रा आकारको कीरालाई के भनी चिनिन्छ ?**
✍ सलह।
- २०७७ असार १३ मा नेपालमा सलह कीरा भित्रिएको। २०७७ वैशाखमा भारतको मध्यप्रदेश, गुजरात, राजस्थानलगायतका राज्यमा सलहले छोटो समयमै ५० हजार हेक्टरभन्दा बढीको बालीमा क्षति पुऱ्याएको थियो। नेपालमा नभित्रिने अनुमान गरिए पनि सलहको प्रवेशले अन्नबालीमा ठूलो क्षति पुऱ्याउने जोखिम बढेको।
- मरुभूमिमा पाइने सलहको प्रजाति 'डेजर्ट लोकस्ट' नै हाल पाकिस्तान र भारतमा ठूलो क्षति पुऱ्याउँदै नेपाल प्रवेश गरेको।

३. **विश्व स्वास्थ्य सङ्गठनबाट अमेरिकाले औपचारिक रूपमै बाहिरिएको घोषणा कहिले गऱ्यो ?**
✍ सन् २०२० जुलाई ६।

४. **'एन एकाउन्ट अफ किङडम अफ नेपाल'का लेखक विलियम कर्क पेट्रिक हुन् भने 'एन एकाउन्ट अफ किङडम अफ हिमालयज'का लेखक को हुन् ?**
✍ टोनी हेगन।

५. **मनोरम हात्ती छहरा कहाँ रहेको छ ?**
✍ दोलखा।

६. **पर्यटक आकर्षित गर्ने उद्देश्यसहित 'सिटी अन द हिल'का रूपमा ब्रान्डिङ गर्न थालिएको नेपालकै पहिलो सहर कुन हो ?**
✍ कीर्तिपुर।
- कीर्तिपुरलाई 'सिटी अन द हिल' अर्थात् पहाडमा रहेको सहरका रूपमा ब्रान्डिङ गर्न थालिएको।
- कुनै पनि सहरको ब्रान्डिङ गरिएको यो नेपालमै पहिलोपटक हो। २०७७ असारमा उक्त ब्रान्डको लोगो सार्वजनिक गरिएको।

७. **कोभिड–१९ सङ्क्रमितको सघन उपचारमा प्रयोग हुने अत्यावश्यकीय उपकरणहरू सहज र सुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यका साथ नेपालमा हालै सञ्चालनमा ल्याउन थालिएको सेवा कुन हो ?**
✍ नेपाल भेन्टिलेटर बैङ्क।
- परोपकारी संस्थाका रूपमा स्थापित 'नेपाल भेन्टिलेटर सर्भिस' नामक संस्थाले नेपालका सरकारी, सामुदायिक र निजी अस्पतालहरूमा भेन्टिलेटरलगायत सघन उपचारका उपकरण सर्वसुलभ रूपमा उपलब्ध गराउने बताएको।
- संस्थाका अनुसार कोभिड–१९ महामारीको अवस्थामा सरकारसँगको सहकार्य आवश्यक परेका स्थानहरू तथा अस्पतालहरूमा संस्थाका भेन्टिलेटरहरू परिचालन गर्न सकिने गरी संस्थाले समन्वय गर्ने भएको।
- संस्थाले हाल वाग्मती प्रदेशमा भेन्टिलेटरलाई केन्द्रित गर्ने र पछि नेपालका सातवटै प्रदेशमा शाखा विस्तार गरी आवश्यक भेन्टिलेटर सोही प्रदेशकै शाखाबाट उपलब्ध गराउने व्यवस्था गरिने जनाएको।

८. **खाडी मुलुकमा घरेलु कामदारमा जाने महिलाको उमेर हद कति तोकिएको छ ?**
✍ २४ वर्ष।

९. **कोरोना नियन्त्रणका लागि देशव्यापी बन्दाबन्दी गरिएसँगै बन्द गरिएको सार्वजनिक यातायात कहिलेदेखि सञ्चालन गर्न दिनेगरी सरकारले निर्णय गऱ्यो ?**
✍ विक्रम संवत् २०७७ असार २६।
- कोरोना सङ्क्रमणको खतरा कायम रहेकाले सरकारले सिट क्षमताभन्दा आधामात्र यात्रु राखेर यातायात सञ्चालन गर्ने व्यवस्था गरेको।

१०. **सन् २०२० जुलाई ११ मा मनाइएको विश्व जनसङ्ख्या दिवसको नारा के हो ?**
✍ कोभिड–१९ सङ्क्रमणको पूर्ण अन्त्य गरौँ, महिला र किशोरीहरूको स्वास्थ्य र अधिकार सुरक्षित गरौँ।

११. **विश्व सैनिक खेलकुद प्रतियोगिताको सातौँ संस्करण कहिले र कहाँ सम्पन्न भयो ?**
✍ सन् २०१९ अक्टोबर १८–२७ (चीनको वुहान)।
- प्रतियोगितामा ११० मुलुकका ९ हजार ३०८ सैनिक खेलाडीको सहभागिता रहेको।
- २७ खेलमा प्रतिस्पर्धा भएको सो प्रतियोगितामा चीन, रूस र ब्राजिल क्रमशः प्रथम, द्वितीय र तृतीय भएका।
- सो प्रतियोगितामा नेपाल पहिलोपटक सहभागी भएको।
- खेलकुदको माध्यमबाट विश्व शान्ति स्थापनाको अवधारणाका साथ अन्तर्राष्ट्रिय सैनिक खेलकुद परिषद्द्वारा विश्व सैनिक खेलकुद प्रतियोगिता आयोजना गरिएको।

१२. **सन् २०१९ सेप्टेम्बर २० नोभेम्बर २ सम्म योकोहामा (जापान) मा आयोजित विश्वकप रग्बीको उपाधि कसले जित्यो ?**
✍ दक्षिण अफ्रिका
- दक्षिण अफ्रिका तेस्रोपटक विश्व च्याम्पियन बनेको। यसअघि दक्षिण अफ्रिका सन् १९९५ र सन् २००७ मा उपाधि विजेता बनेको। दक्षिण अफ्रिकाले सर्वाधिक तीनपटक रग्वी विश्वविजेता न्युजिल्यान्डको समकक्षमा आफूलाई उभ्याएको।

१३. **सन् २०१९ अक्टोबर १७ मा मनाइएको अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको नारा के हो ?**
✍ गरिबी निवारणका लागि बालबालिका, उनीहरूको परिवार र समुदायको सशक्तीकरणका लागि सहकार्य।

१४. **१२४ घण्टा तीस मिनेट निरन्तर पुस्तक पढी विश्व कीर्तिमान कायम गर्ने नेपाली प्रतिभा को हुन् ?**
✍ मुकेशराज जोशी
- बझाङका जोशीले २०७६ असोज ५–१० गतेसम्म लगातार ६ दिन पुस्तक पढी सो रेकर्ड राखेका।
- यसअघि यो रेकर्ड नाइजेरियाका नागरिकको नाममा रहेको। उनले लगातार १ सय २० घण्टा अध्ययन गरी रेकर्ड राखेका थिए।

१५. **प्रधानमन्त्री कार्यालय र मन्त्रिपरिषद् सचिवालयलाई एक आपसमा गाभी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कहिले बनाइएको हो ?**
✍ विसं २०६० असोज २

१६. **प्रहरी सङ्गठनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अवकाशप्राप्त प्रहरीलाई दिइने लाइफ टाइम एचिभमेन्ट अवार्ड २०७६ कसलाई प्रदान गरियो ?**
✍ यादव अधिकारी।

१७. **असंलग्न राष्ट्रहरूको १८औँ शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**
✍ सन् २०१९ अक्टोबर २५–२६, अजरवैजानको राजधानी वाकु।

१८. **असंलग्न आन्दोलन (नन एलाइनमेन्ट मुभमेन्ट–नाम)द्वारा कुन वर्षलाई 'अन्तर्राष्ट्रिय शान्ति तथा विश्वासको वर्ष'का रूपमा मनाइने भएको छ ?**
✍ सन् २०२१

१९. **नेपाल राजपत्रलाई सरल एवम् सुलभ बनाउन ल्याइएको मोबाइल एप कुन हो ?**
✍ नेपाल गजेट।

२०. **पाश्चात्य राजनीतिका कौटिल्यका रूपमा कसलाई चिनिन्छ ?**
✍ मेकियाबेली।

२१. **सन् २०१९ को १००औँ नोवल शान्ति पुरस्कारबाट सम्मानित व्यक्तित्व को हुन् ?**
✍ इथियोपियाका प्रधानमन्त्री आबी अहमद अली।
- शान्ति प्राप्ति एवम् अन्तर्राष्ट्रिय समन्वय जुटाउन उल्लेखनीय भूमिका निर्वाह गरेका कारण उनलाई सो पुरस्कार प्रदान गरिएको।
- सन् १९९८ देखि २००० सम्म चलेको सीमा युद्धसँगै सुरु भएको २० वर्ष लामो सैनिक गतिरोध अन्त्य गर्दै इथियोपिया र इरिट्रियाबीच सन् २०१८ जुलाईमा शान्ति सम्झौता भएको र त्यसमा आबीको महत्त्वपूर्ण भूमिका रहेको।
- सन् २०१८ अप्रिलमा प्रधानमन्त्री भएयता आबीले इथियोपियामा धेरै सुधारका कार्यहरू गरिसकेका।

२२. **माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता कति रहेको छ ?**
✍ २१६ मेगावाट।
- नेपालको जलविद्युत् क्षेत्रमा हालसम्मकै ठूलो परिमाणको प्रत्यक्ष वैदेशिक लगानीका रूपमा लिइएको यो जलविद्युत् आयोजनाका लागि प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी र ऋण लगानी गर्ने नौवटा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबीच विसं २०७६ कात्तिक १५ मा ५१ अर्ब रुपियाँको लगानी सम्झौता सम्पन्न भएको।
- सो जलविद्युत् आयोजनामा ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीमार्फत वित्तीय व्यवस्थापन गरिने जनाइएको।

२३. **सरकारले गरिब घरपरिवारलाई परिचयपत्र वितरण गर्ने कार्य कहिलेदेखि थालेको हो ?**
✍ विसं २०७५ असार २९
- कपिलवस्तुको मायादेवी–६, डुमराबाट पहिलोपटक परिचयपत्र वितरण सुरु गरिएको।
- गरिब घरपरिवार सहयोग समन्वय बोर्डले विसं २०७० मा विभिन्न २६ जिल्लामा सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरेको र सोही तथ्याङ्कका आधारमा ती जिल्लामा परिचयपत्र वितरण कार्य अघि बढाइएको।
- ती जिल्लाका साथै बाँकी जिल्लामा पनि गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण कार्यलाई जारी राखिने।
- पहिचान गरिएका गरिब परिवारलाई गरिबीको अवस्थाअनुसार अति, मध्यम र सामान्य गरिबमा वर्गीकरण गरिएको र प्रत्येकलाई फरक–फरक रङ (क्रमशः रातो, पहेँलो र नीलो)को प्रमाणपत्र दिने व्यवस्था गरिएको।

२४. **कुन भाषालाई ताजपुरी भाषा पनि भनिन्छ ?**
✍ राजवंशी

२५. **कुन हिमाललाई अफ्रिकाको छानो भनेर पनि सम्बोधन गरिन्छ ?**
✍ किलिमन्जरो
- अफ्रिकी महादेशको तान्जानियामा अवस्थित यो हिमाल त्यहाँको आकर्षक पर्यटकीय गन्तव्य पनि हो।
- यो अफ्रिकाको सबैभन्दा अग्लो हिमालका रूपमा रहेको छ।
- यो हिमाल आरोहण गर्दा विशेष तयारी र हिमाल चढ्दा चाहिने विशेष उपकरणहरू आवश्यक नपर्ने तर उचाइका कारण हुने 'अल्टिच्युड सिकनेस' भने लाग्न सक्छ।

२६. **नेपालमा पहिलोपटक सरकारी तवरबाट राष्ट्रिय प्राकृतिक चिकित्सा दिवस कहिले मनाइयो ?**
✍ विसं २०७५ असार २०।
- ('नसर्ने रोगमा प्राकृतिक चिकित्सा' भन्ने मूल नारासहित पहिलोपटक सो दिवस मनाइएको।)

२७. **'०' डिग्री देशान्तर रेखालाई प्रधान मध्याह्न रेखा भनिन्छ भने '०' डिग्री अक्षांश रेखालाई के भनिन्छ ?**
✍ भूमध्येरेखा

२८. **नेपालले श्रम सम्झौता गरेको पहिलो राष्ट्र कुन हो ?**
✍ कतार (सन् २००५ अप्रिल २१)।

२९. **नेपालमा कृषक परिचयपत्र वितरण गर्ने कार्य कुन जिल्लाबाट सुरु गरिएको हो ?**
✍ बाग्लुङ

३०. **अन्तर्राष्ट्रियस्तरको आइसागो प्रमाणपत्र पाउने नेपालको वायुसेवा कुन हो ?**
✍ राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम
- निगमले उत्कृष्ट ग्राउन्ड ह्यान्डलिङ (भूमिसेवा)बापत सो प्रमाणपत्र प्राप्त गरेको।




प्रस्तुतकर्ता : टङ्क केसी

## विषयगत प्रश्नोत्तर

# नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध नीति




१. **नेपालको अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति के–कस्तो छ ? उल्लेख गर्नुहोस्।**
✍ नेपालको संविधानको धारा ५१ (ङ) ले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति अख्तियार गरेको छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहने,
- संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने,
- विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्ने,
- समानता र पारस्परिक हितका आधारमा सन्धि सम्झौताहरू गर्ने।

२. **समूहगत कार्य भनेको के हो ? लेख्नुहोस्।**
✍ साझा उद्देश्य प्राप्ति गर्नका लागि दुई वा सो भन्दा बढी व्यक्तिहरू एक आपसमा आबद्ध भएर गर्ने कार्यलाई समूहगत कार्य भनिन्छ। यो समूहद्वारा सामूहिक रूपमा गरिने कार्य हो। यसमा समूहका सदस्यहरू साझा उद्देश्यका लागि एक–अर्काप्रति आश्रित र अन्तरसम्बन्धित भएर आपसी छलफल गरी कार्यसम्पादन गर्दछन्। यसमा विशेष कामका लागि समूह बनाइने, समूहका सदस्यहरूबीच आपसी विश्वास, सद्भाव र सहयोग बढाइने, सदस्यबीच व्यापक छलफल हुने, पदसोपान नभई हाकिम र कारिन्दाको अवस्था नहुने, सदस्यहरू स्वतन्त्र र स्वयम् नियन्त्रित हुन्छन्। यसबाट कर्मचारीमा कार्यप्रेरणा बढेर उत्पादन र उत्पादकत्व बढ्दछ। सामान्यतया कुनै तोकिएको खास उद्देश्य प्राप्तिका लागि औपचारिक समूहको घेराभित्रैबाट खास व्यक्तिहरू सम्मिलत भई कार्यसम्पादन गर्नका लागि समूहगत कार्यको अवधारणा विकास भएको हो।

३. **श्रम ऐन–२०७४ ले श्रमिकप्रति रोजगारदाताको के–कस्तो कर्तव्य हुने व्यवस्था गरेको छ ?**
✍ व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका सम्बन्धमा रोजगारदाताको श्रमिकप्रति देहायबमोजिमको कर्तव्य हुने व्यवस्था श्रम ऐन–२०७४ ले गरेको छ :
(क) कार्यस्थलमा सुरक्षा र स्वास्थ्यसम्बन्धी उचित प्रबन्ध गरी काम गर्ने सुरक्षित वातावरण बनाउने,
(ख) कार्यस्थलमा रासायनिक, भौतिक, जैविक पदार्थ तथा उपकरणको प्रयोग, सञ्चालन, सञ्चय र परिवहन गर्दा सुरक्षा र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाउने,
(ग) श्रमिकलाई आवश्यकताअनुसार सुरक्षा र स्वास्थ्यसम्बन्धी आवश्यक सूचना, जानकारी र तालिम प्रदान गर्ने,
(घ) श्रमिकलाई उपकरण र कामसँग सम्बन्धित रासायनिक, भौतिक, जैविक पदार्थको प्रयोग र सञ्चालनका सम्बन्धमा आवश्यक तालिम र जानकारी उपयुक्त भाषामा दिने,
(ङ) कार्यस्थलमा सुरक्षित रूपमा प्रवेश गर्ने तथा निस्कने समुचित व्यवस्था गर्ने,
(च) श्रमिकलाई आवश्यकताअनुसार व्यक्तिगत सुरक्षा साधन उपलब्ध गराउने,
(छ) तोकिएबमोजिमको अन्य व्यवस्था गर्ने।

४. **सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन–२०६४ ले प्रशासनिक कार्यसम्पादन गर्दा के–कस्ता कार्यविधि अपनाउनुपर्ने व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस्।**
✍ मुलुकको प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी सुशासनको प्रत्याभूति दिने उद्देश्यले तर्जुमा गरिएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन–२०६४ ले प्रशासनिक कार्यसम्पादन गर्दा देहायबमोजिम कार्यविधि अपनाउनुपर्ने व्यवस्था गरेको छ :

१. निश्चित कार्यविधि अवलम्बन गर्नुपर्ने :
- कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी उपयुक्त कार्यविधि अपनाउनुपर्ने,

२. निश्चित समयावधिभित्र निर्णय गर्नुपर्ने :
- कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुनबमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नुपर्ने, आवश्यक तथ्य, सूचना वा प्रमाण उपलब्ध नभएका कारणले अवधिभित्र निर्णय गर्न नसकिने रहेछ भने निर्णय गर्न पाउने अधिकारीले सोको कारण खुलाई निर्णय गर्नुपर्ने,

३. निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने :
- निर्णय गर्ने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नुपर्ने, निर्णय गर्नुपर्ने विषयमा आफ्नामातहतका कर्मचारीको राय तथा परामर्शलाई ध्यान दिन सक्ने र निर्णय गर्नुपर्ने विषयको कारबाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नुपर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय ठहरसहित निर्णय गर्नुपर्ने विषय निर्णय गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्छ। निर्णय गर्ने प्रक्रियामा संलग्न रहेका प्रत्येक तहका पदाधिकारीले पेस गरेको रायमा कुनै प्रश्न उठेको देखिएमा निर्णय गर्ने अधिकारीले निर्णय गर्दा त्यस्तो प्रश्नको पनि सम्बोधन गर्नुपर्छ। कुनै निर्णय गर्दा कानुनी वा प्राविधिक प्रश्नको पनि निरूपण गर्नुपर्ने रहेछ र त्यस्तो विषयमा कुनै कानुनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्ने, यसरी राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिने र त्यस्तो रायलाई मान्नु नपर्ने देखेमा सोको कारण खुलाई निर्णय गर्नुपर्छ।

४. निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने :
- निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुन–कुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नुपरेको हो, सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नुपर्ने,

५. स्वार्थ बाझिएमा निर्णय गर्न नहुने :
- निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नुपर्ने विषयमा प्रत्यक्ष रूपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा निजले गरेको निर्णयबाट निजको हकमा अपुताली खान पाउने व्यक्ति वा नजिकको अन्य नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा वा निजको एकासगोलको व्यक्तिले सञ्चालन गरेको व्यापार, व्यवसायमा प्रत्यक्ष फाइदा पुग्नेगरी स्वार्थ बाझिने भएमा त्यस्तो पदाधिकारीले त्यस्तो विषयमा निर्णय गर्न सक्ने छैन। यसबमोजिमको अवस्था परी निर्णय गर्ने अधिकारीले निर्णय गर्न नहुने भएमा सोको कारण खुलाई आफूसरहको पदाधिकारी सोही कार्यालयमा भएमा निजलाई र नभएमा आफूभन्दा एक तह माथिको पदाधिकारीलाई सो विषयमा निर्णय गर्न दिनुपर्ने। तर, निर्णय गर्न पाउने पदाधिकारीले वृहत् सार्वजनिक हितका लागि गरेको निर्णयलाई स्वार्थ बाझिएको मानिने छैन।

६. कार्यसम्पादन करार गर्न सकिने :
- नेपाल सरकारले सम्पादन गर्नुपर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नुपर्ने वा निश्चित परिमाणको उपलब्धि हुनेगरी सम्पादन गर्नुपर्ने भएमा वा नेपाल सरकारको राष्ट्रिय दृष्टिकोणले प्राथमिकता प्राप्त कुनै कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै पदाधिकारीसँग कार्यसम्पादन करार गरी त्यस्तो कार्यसम्पादन गर्ने जिम्मेवारी निजलाई दिन सकिने, कार्यसम्पादन करारमा अन्य कुराको अतिरिक्त जिम्मेवारी पाएको पदाधिकारीले गर्नुपर्ने कामको विवरण, कार्यसम्पादन गरिसक्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने,

७. सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्न सकिने :
- नेपाल सरकारले आवश्यकताअनुसार सार्वजनिक चासोका कुनै विषय कार्यान्वयन गर्नुअघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सक्ने, यसरी परामर्श गर्दा कार्यान्वयन गर्न प्रस्ताव गरिएको विषयको सकारात्मक तथा नकारात्मक पक्षहरूको समग्र विश्लेषण गरी त्यसबाट प्राप्त हुन सक्ने सम्भावित प्रभावको मूल्याङ्कन गर्नुपर्ने, सरोकारवाला तथा नागरिक समाजसँग गरेको परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिने,

८. आफ्नो जिम्मेवारी पन्छाउन नहुने :
- कार्यसम्पादन गर्नुपर्ने पदाधिकारीले आफूले सम्पादन गर्नुपर्ने काम निर्धारित सर्त तथा निर्धारित अवधिभित्र सम्पादन गर्नुपर्ने, कार्यसम्पादन गर्नुपर्ने पदाधिकारीले आफ्नो जिम्मेवारी पन्छाउन वा आफूले गर्नुपर्ने काम अरू कसैलाई गर्न लगाउन नहुने, अरूलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बद्नियतले निर्धारित अवधिभित्र कार्यसम्पादन नगर्ने वा कार्यसम्पादन सूचकबमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई मुख्यसचिव भए नेपाल सरकार (मन्त्रिपरिषद्), सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालयअन्तर्गतका पदाधिकारी वा विभागीय प्रमुख भए सम्बन्धित सचिव र विभागअन्तर्गतका अन्य पदाधिकारी भए सम्बन्धित विभागीय प्रमुखले चेतावनी दिन सक्ने, यसरी चेतावनी दिँदा पनि त्यस्तो पदाधिकारीको आचरण तथा काम कारबाहीमा सुधार नआएमा त्यस्तो पदाधिकारीउपर कार्यक्षमताको अभावका आधारमा प्रचलित कानुनबमोजिम विभागीय कारबाही गर्नुपर्ने,

९. अधिकार प्रत्यायोजन गर्न सक्ने :
- कुनै पदाधिकारीले आफूले सम्पादन गर्नुपर्ने काम आफूसरहको वा आफ्नोमातहतको अन्य कुनै पदाधिकारीले सम्पादन गर्न सक्नेगरी प्रचलित कानुनबमोजिम अधिकार प्रत्यायोजन गर्न सक्ने, अधिकार प्रत्यायोजन गरेका कारणले मात्र निजले आफ्नो पदीय जिम्मेवारीबाट छुट पाएको नमानिने, प्रत्यायोजन भएको अधिकार जुनसुकै बखत फिर्ता गर्न सकिने, न्यायिक रोहमा निर्णय गर्नुपर्ने अधिकार प्रत्यायोजन हुन नसक्ने,

१०. पदीय वा पेसागत आचरणसम्बन्धी व्यवस्था :
- सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू पदमा बहाल रहँदा वा जुनसुकै कारणले अवकाशप्राप्त गरेको मितिले तोकिएबमोजिमको अवधिसम्मका लागि तोकिएबमोजिमको पदीय वा पेसागत आचरण पालना गर्नुपर्ने।

५. **सामुदायिक स्वास्थ्य भनेको के हो ? नेपालको समुदायमा देखिएका प्रमुख सामुदायिक स्वास्थ्य समस्याहरू के–के हुन् ? पहिचान गर्नुहोस्।**
✍ समुदायका व्यक्तिहरूले समुदायका लागि समुदायमा रहेका स्वास्थ्य समस्या पहिचान गरी तिनको समाधान गर्न, व्यक्तिगत तथा वातावरणीय स्वास्थ्यमा सुधार ल्याउन गरिने क्रियाकलापलाई सामुदायिक स्वास्थ्य भनिन्छ। यसको मूलभूत उद्देश्य समुदायको स्वास्थ्यस्तर माथि उकास्नु हो। व्यक्तिले आफ्नो स्वास्थ्य सुधार गर्न व्यक्तिगत प्रयासबाट मात्र सम्भव नहुने हुनाले सामुदायिक स्वास्थ्यको अवधारणा अगाडि ल्याइएको हो। त्यसैले समुदायको स्वास्थ्य सुधार गर्न व्यक्ति, परिवार, समुदाय एवम् राष्ट्र सबैको संयुक्त प्रयास हुनुपर्दछ।
- नेपालको समुदायमा देखिएका प्रमुख सामुदायिक स्वास्थ्य समस्याहरू
- भौगोलिक कठिनाइ, जनचेतनाको अभाव, औषधिको अभाव, स्वास्थ्यकर्मीको अभाव आदि जस्ता कारणले नेपालको सामुदायिक स्वास्थ्य विभिन्न समस्याबाट ग्रसित छ। हिमाल, पहाड, तराई सबैमा स्वास्थ्य समस्या छन्। सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी सामुदायिक स्वास्थ्य समस्या देखिएका छन्। समग्रमा नेपालका प्रमुख सामुदायिक स्वास्थ्य समस्याहरू निम्न छन् :
- विविधखालका सरुवा रागको प्रकोप हुनु,
- शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर उच्च हुनु,
- सन्तुलित भोजनबारे जानकारी नहुनु,
- कुपोषण बढ्दै जानु,
- जीवनशैली अस्वस्थकर हुनु,
- स्वास्थ्य सेवाको कमी हुनु,
- स्वास्थ्य शिक्षाको कमी हुनु,
- ग्रामीण बस्तीहरूमा स्वास्थ्यसम्बन्धी दक्ष जनशक्तिको अभाव हुनु,
- धूमपान, मद्यपान एवम् लागूपदार्थ सेवन गर्नेको सङ्ख्या बढ्दै जानु,
- समग्र स्वास्थ्य सेवा महँगो हुनु, गरिबको पहुँचमा सर्वसुलभ हुन नसक्नु।

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा

QUESTION BANK NEPAL